# पर्वत जिल्ला अदालत

## कुश्मा, पर्वत

पत्र संख्या :- २०७६/०७७
चलानी नं. :-

फोन नं. ०६७-४२०१९५
मिति :- २०७७।०१।०२

# सूचना ! सूचना !! सूचना !!!

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईसर (COVID-19) संक्रमणको कारण सम्मानीत सर्वोच्च अदालतको मिति २०७६।१२।०७ गतेको पूर्ण बैठक पश्चात ऐ १२ र २१ गतेको को पूर्ण बैठकको निर्णयानुसार यस अदालतबाट प्रवाह गरीने सेवाहरु मध्ये अभियोगपत्र दर्ता, थुनछेक आदेश, पक्राउ पुर्जी अनुमती, जरुरी पक्राउ पुर्जी स्वीकृती, बन्दी प्रत्यक्षीकरणको निवेदन, संक्रमण संग सम्बन्धीत निवेदन सुन्ने बाहेकका मुद्दा सुनुवाई सम्बन्धी अन्य कार्यहरु स्थगन गरीएकोमा सम्मानीत सर्वोच्च अदालतको मिति २०७६।१२।२८ को पूर्ण बैठक तथा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार ज्यूको २४ बुँदे निर्देशन अनुसार यस अदालतबाट प्रवाह गरिने सेवाहरु मध्ये पक्राउ पुर्जी अनुमती, जरुरी पक्राउ पुर्जी स्वीकृती, बन्दी प्रत्यक्षीकरणको निवेदन, संक्रमण रोगसँग सम्बन्धीत निवेदन सुन्ने प्रयोजनको लागी नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दी (LOCKDOWN) को अवधीमा अदालतबाट हुने कार्य सम्पादनको शिलशिलामा तपशिल बमोजिमको व्यवस्था गर्नु पर्ने भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्पुर्ण सरोकारवाला सबैको जानकारीको लागी यस सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१) पक्राउ पुर्जीको समर्थन, म्याद थप कार्य यथासम्भव अदालत खुलेको पहिलो समय (बिहान ११ बजे अघि वा बेलुकी ३/४ बजे पछिको समयमा गर्ने गरी व्यवस्था मिलाउने ) ।

२) जरुरी पक्राउ पुर्जीको समर्थन गराउन वा म्याद थप गर्न, वा अभियोग पत्र पेश गर्न अदालतमा ल्याउँदा धैरै प्रतिवादीहरुलाई एउटै सवारी साधनमा भिड गराई नल्याउनने, अलग अलग ल्याउने र आवश्यक दुरी कायम गर्ने व्यवस्था मिलाउने ।

३) अभियोग दर्ता गर्न ल्याउने प्रहरी कर्मचारी, सरकारी वकिल, अभियुक्त, अदालतका कर्मचारी लगायतका सबै सरोकारवाला मानिसहरुको दुरी कम्तीमा पनि १ मिटर वा सम्भव भएमा सो भन्दा बढी रहने व्यवस्था मिलाउने ।

४) महामारीको अवस्थामा कायम रहे सम्म न्यायाधीश तथा इजलास अधिकृत एवं इजलास भित्र प्रवेश गर्ने कानून व्यवसायी, मुद्दाका पक्ष, सुरक्षाकर्मी, कार्यालय सहयोगी समेत सबैले मास्क तथा हातमा पञ्जा लगाउने ।

५) रुघा-मर्की, ज्वरो वा कुनै संक्रामक रोगका लक्षण देखिएका वा त्यस प्रकारको शंका गर्नुपर्ने कर्मचारी, कानून व्यवसायी तथा अभियुक्तले अदालत भित्र प्रवेश गर्दा अदालतलाई पूर्व जानकारी गराएर मात्र अदालतमा प्रवेश गर्ने ।

६) प्रतिदिन प्रति इजलासबाट बढीमा ३ वटा मुद्दामा वा ३ जना अभियुक्त मात्रको बयान गराउने कार्यको व्यवस्था गरिएको छ, सोही अनुसार अभियुक्तलाई बयान गराउन ल्याउने, लैजाने व्यवस्था गर्ने ।

७) मुद्दाको सुनुवाई गर्दा इजलासमा एकपटकमा सम्बन्धीत अभियुक्त र निजको एक जना कानून व्यवसायी तथा एक जना सरकारी वकिल मात्र प्रवेश गर्न पाउने, अन्य कानून व्यवसायीहरु पालै पालो इजलास प्रवेश गर्ने ।

८) कुनै पनि मुद्दाका एउटा पक्षको तर्फबाट बढीमा २ जना कानून व्यवसायीले मात्र बहस पैरवी गर्न पाउने ।

९) बहसका लागी एउटा पक्षका कानून व्यवसायीहरुका लागी कुल अधिकतम २० मिनेट मात्र समय दिने, सो समय कम भई बहसका थप बुँदा प्रस्तुत गर्नु पर्ने भए लिखित रुपमा पेश गर्नु होला ।

**पूनश्च :-** ***म्याद थप, अभियोग पत्र दर्ता, पक्राउ परी आएका अभियुक्तको वयान लिने तथा थुकछेक आदेश सम्बन्धी कार्य समेतका सेवा प्रवाह मिति २०७६।१२।२८ गतेबाट सुचारु हुने साथै मुद्दाको तारेख लगायतका अन्य कार्य यस अदालतको पूर्व मितिमा प्रकाशित सूचना अनुसार अदालत खुलेको मितिले बाटाका म्याद बाहेक १० दिन भित्र आएमा म्याद तारेख नगुज्रीने व्यहोरा समेत जानकारी गराईन्छ ।***

**"अदालतमा सेवा लिन आउदा भिडभिड कम गरी संक्रमण हुनबाट आफु पनि बचौ र अरुलाई पनि बचाऔं ।"**